**धनगढी उप-महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः०५** **मितिः२०७९/०५/३१**

## भाग-२

**धनगढीउपमहानगरपालिका**

## नगर शिक्षक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०५।३१

राजपत्रमा प्रकाशित मिति : २०७९।०६।११

<u>प्रस्तावना :</u> नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाको **एघारौं** बैठकले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "नगर शिक्षक व्यवस्थापन कार्यविधि (पहिलो संशोधन) २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :

धनगढी उप-महानगरपालिका राजपत्र

१७. **शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सकिने** : (१) यस कार्यविधि बमोजिम नगर शिक्षकको कोटा निर्धारण भई पदपूर्ति नभएसम्म सामुदायिक विद्यालयमा शिक्षण सिकाइ व्यवस्थापन तथा अन्य शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्नका लागि नगरपालिकाले शिक्षण सहयोग अनुदानको रुपमा एकमुष्ट अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई उपलब्ध गराईने रकमको अङ्क नगरपालिकाको स्वीकृत बार्षिक बजेटमा विनियोजन भए बमोजिम हुनेछ ।

(३) आर्थिक वर्ष २०७९।०८० मा शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाको स्वीकृत बार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित अध्यापन अनुमति पत्र भएका निजीस्रोत शिक्षकका लागि न्युनतम पारिश्रमिक अनुदानमा उल्लेखित एक करोड बीस लाख रुपैंयाँलाई शिक्षण सहयोग अनुदानका लागि विनियोजन गरिएको अङ्क मानिनेछ ।

३. मूल कार्यविधिको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :

१८. **शिक्षण सहयोग अनुदान रकम बाँडफाँड तथा निकासा गर्ने प्रक्रिया** : (१) दफा १७ अनुसार विनियोजन भएको शिक्षण सहयोग अनुदान वापतको रकम नगर शिक्षा समितिको निर्णयानुसार बाँडफाँड गरिनेछ ।

(२) नगर शिक्षा समितिको निर्णयानुसार बाँडफाँड गरिएको रकम त्रैमासिक रुपमा विद्यालयमा निकासा गर्नु पर्नेछ ।

(३) विद्यालयले शिक्षण सहयोग अनुदान वापत निकासा भएको रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सम्बन्धित आर्थिक वर्षमा निजी स्रोतमा शिक्षक व्यवस्थापन गर्न र अन्य शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्नका लागि खर्च गर्नु पर्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**आज्ञाले,**

..................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका